# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.स. ०७८/०७९
च.नं.

फोन नं. ०६६-४१०२५२

मिति:२०७८/१०/२५

## रैथाने बाली प्रवर्धन कार्यक्रमका लागी प्रस्ताव पेश गर्नेसम्वन्धी सूचना।

यस मध्यनेपाल नगरपालिका आ.व २०७८/०७९ को लागी संघीय सरकारवाट स्वीकृत कार्यक्रम अनुसार रैथाने बाली प्रवर्धन कार्यक्रम वडा नं ५ र ९ मा संञ्चालन गर्नुपर्ने भएकोले सम्वन्धित वडाका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म /कृषि कम्पनी तथा होमस्टेहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७८ फागुन १० भित्र) भित्र तपसिलमा उल्लेखित कागजात र प्रस्ताव सहित सम्वन्धित वडा कार्यालयहरुमा वा कृषि शाखामा निवेदन पेश गर्नको लागी सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कैफीयत |
|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्धन कार्यक्रम | रैथाने बाली उत्पादन क्षेत्रफल विस्तारमा प्रोत्साहन अनुदान | प्रति रोपनी रु ९००।- | प्रति व्लक न्युनतम १०० रोपनी क्षेत्रफल। |
| | | भकारो सुधार अभियान | ५०% अनुदान | |
| | | होमस्टे संचालन तथा सुदृढीकरण सहयोग | ५०% अनुदान | |
| | | मेशिनरी तथा उपकरण सहयोग | ५०% अनुदान | |
| | | रैथाने बालीको उत्पादनमा ब्रान्डिङ वा वजारीकरणमा सहयोग | ५०% अनुदान | |
| | | कोशेली घर स्थापना सहयोग | ५०% अनुदान | |
| | | रैथाने बालीको विउ राख्ने भाँडा सहयोग | ५०% अनुदान | |

आवश्यक कागजातहरु

- कृषकको हकमा नागरिकता र लालपूर्जाको प्रतिलिपि
- कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको हकमा सम्वन्धित निकायमा दर्ता भएको दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
- ब्लक संचालन हुने जग्गाको लालपुर्जाको प्रतिलिपि
- कृषक समूह/सहकारीको हकमा समितिको निर्णय
- निवेदन र कार्यक्रम प्रस्ताव
- सम्वन्धित वडाको सिफारिस
- निवेदकहरुको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

नोट:कार्यक्रमको लागि निवेदन र प्रस्तावको ढाँचा सम्वन्धित वडा कार्यालय तथा कृषि शाखामा सम्पर्क गर्न सकिने छ।

थप जानकारीको लागी सम्पर्क न. ९८४९६६७७४०

..................
ईश्वरीप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Email : madhyanepalmun@gmail.com
Website : www.madhyanepalmun.gov.np